# जलजला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# लामाखेत, पर्वत

## बार्षिक प्रगति प्रतिवेदन
## (२०८० साउन १ देखी २०८१ असार ३१ सम्म)

**आर्थिक बर्ष २०८०/०८१**

क) **<u>प्रशासन शाखा</u>**

- कार्यालय प्रमुखबाट शाखा प्रमुखहरुलाई अधिकार प्रत्यायोजन एवं खर्च गर्ने अख्तियार प्रदान गरिएको ।
- कार्यालयमा रिक्त हे.अ. २ र प.हे.न. १ स्थायी पदपूर्तिका लागि लोक सेवा आयोगमा माग गरिएको ।
- तत्काल आवश्यक अमिन-१, अ.हे.ब.-२, हलुका सवारी चालक-२, सहायक कम्पयुटर अपरेटर-२ खुला प्रतिस्पर्धाबाट सेवा करारमा पदपूर्ति गरिएको।
- आगामी आ.ब. ०८१/८२ को लागि राजस्व र व्यय अनुमानको प्रक्षेपण पुष मसान्त भित्र संघीय अर्थ मन्त्रालयमा पठाइएको ।
- स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) मा ९०.२५ र वित्तिय सुशासन जोखिम मूल्याङ्कन (FRA) मा ७९ अङ्क हासिल भई जिल्लामा उत्कृष्ठ पालिका बन्न सफल भएको।
- राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगमा पठाइएको गत आ.व. को प्रगतिको १७ सूचकको विवरणका आधारमा आयोगवाट कार्यसम्पादन मूल्याङ्कन भई यस गाउँपालिकाको २९.२८ अंङ्क कायम भइ जिल्लामा तृतिय स्थान कायम भएको।
- संघीय तथा प्रदेश समपूरक तथा विशेष योजनाका लागि योजनाको विवरण पठाइएको आधारमा समपूरकमा २ र विशेष योजना १ स्वीकृत भएको।
- स्थानिय विकास प्रशिक्षण प्रतिष्ठानसँगको साझेदारीमा गाउँपालिकामा जनप्रतिनिधि र कर्मचारीका लागि मिति २०८०/११/१२ देखि १३ सम्म ३ दिने क्षमता विकास तालिम सञ्चालन भएको।
- आगामी पञ्च वर्षिय आवधिक योजनाका लागि विभिन्न चरणमा सरोकारवालाहरुको छलफल र अन्तर्किया सम्पन्न भई योजनाको अन्तिम मस्यौदा तयार भएको।
- १० सैयाको अस्पताल तथा कर्मचारी आवास/स्टोरका लागि आवश्यक जग्गा प्राप्ति गरिएको ।
- विपद व्यवस्थापन तथा साझा सरोकारका बिषयमा अन्तर निकाय समन्वय गोष्ठी संचालन गरिएको ।
- विभिन्न वैठक (कार्यपालिका बैठक, शुसासन समिति बैठक, राजश्व समिति बैठक) संचालन गरिएको ।

**<u>ख) न्यायिक समिति तर्फ</u>**

- आ.ब. २०८०/०८१ मा जम्मा उजुरी संख्या- १६
- अघिल्लो आ.ब. २०७९/०८० लगत सरी आएको-१
- आ.ब. २०८०/०८१ मा दर्ता भएको उजुरी संख्या-१५
- मेलमिलापको माध्यमबाट फल्याट गरेको संख्या - ७
- आ.व. २०८१/०८१ मा लगत सरी गएको उजुरी संस्था-९

- २०८०/०८१ मा जम्मा बैठक बसेको संख्या-२२
- जम्मा अनुगमनमा गएको - १६ पटक
- मेलमिलापकर्ताको क्षमता अभिवृद्धिको लागी २ (दुई) दिने पुर्नताजकी तालिम कार्यक्रम सम्पन्न भएको।
- नागरिकहरुको गुनासो सुनुवाईको लागी टोलटोलमै गएर न्यायिक समितिको बैठक बसी न्यायसम्पादन गर्ने गरिएको ।
- निवेदन उजुरीको सम्बन्धमा सत्यतव्य, बस्तुनिष्ठ तथा त्यायिक सम्पादनलाई विश्वसनिय तथा पारदर्शि वनाउन स्थलगत अनुगमनलाई बढी प्राथमिकतामा राखिएको ।

**ग) सामाजिक विकास शाखा**

- ९ वटै वडामा गरी १३९ टोल विकास संस्था गठन भई रीतपूर्वक १३९ वटा नै दर्ता गरी दर्ता प्रमाणपत्र वितरण गरी सकेको ।
- १३९ वटा टोल विकास संस्थाको विधान निर्माणमा सहजीकरण गरेको ।
- हालसम्म ९ वटै वडामा गठन भएका टोल विकास संस्थामा आवद्ध भएका घरधुरी संख्याः ४१०३ र प्रतिशतमा ९३.१४% (जम्मा घरधुरी ४४०५) ।
- हालसम्म ९ वटै वडामा गठन भएका टोल विकास संस्थामा आवद्ध भएका जनसंख्याः १७५३२ (९१%) (जम्मा जनसंख्या १९२५६) ।
- हालसम्म ९ वटै वडामा गठन भएका टोल विकास संस्थाका सदस्यहरुले गरेको जम्मा बचत रकम रु ६००२६९२/- (मिति २०८१ असार मशान्त सम्म ) हाल ६३३०१४९/-
- जलजला गाउँपालिकाले निर्माण गर्न लागेको पञ्चबर्षिय योजनाको लागि ५२ वटा सूचकमा तथ्याङ्क उपलब्ध गराई सहयोग गरेको ।
- टोल विकास संस्थाको नियमित बैठकलाई सहजीकरण गरी मासिक बचत संकलन तथा लगानीको काममा सहजीकरण गर्दै आएको ।
- जनप्रतिनिधि, कर्मचारी र वडाका संयोजक र सहसंयोजकहरुको लागि पालिकास्तरमा २ दिने क्षमता अभिवृद्धि तालिम र ९ वटै वडामा गठन भएका १३९ वटा टोल विकास संस्थाका पदाधिकारीहरु (अध्यक्ष, सचिव र कोषाध्यक्ष) को लागि वडास्तरमा ९ वटै वडामा १/१ दिन क्षमता अभिवृद्धि तालिम सञ्चालन गरी जम्मा ५५० जनाले तालिममा प्रत्यक्ष सहभागि भई लाभ लिएका ।
- टोल विकास संस्थाको लागि आवश्यक न्यूनतम स्टेशनरी, खाता किताब र लोगो सहितको १३९ वटा झोला र तालिम सामाग्री ९ वटै वडा कार्यालयमा पुगेर वितरण गरेको ।

- एक वडा एक असल उद्धमी निर्माण गर्नको लागि सहुलियत ब्याजदरको घुम्तीकोष उपलब्ध गराउनको लागि सबै प्रक्रिया पूरा गरी ९ जना उद्धमीको लागि जनही रु १०००००/- को दरले ९ जनाको लागि रु ९०००००/- (नौ लाख) लगानी गरिएको ।
- वडा विकास कार्यक्रमको संगठनात्मक ढाँचा अनुरुपका कार्यविधिले ब्यवस्था गरेका सबै प्रकृतिका समितिहरु गठन गरी समितिलाई सक्रिय रुपमा परिचालन गरिएको ।
- वडा विकास कार्यक्रमको केन्द्रीय भुमिकामा रहेका टोल विकास संस्थाहरु, कर्मचारी हाजिरी र घुम्तीकोष लागायत सामाजिक परिचालनसँग जोडिएका कार्यक्रमहरुको तथ्याङ्कलाई आधुनिक फाईलिङको तरिका (Google Sheet) बाट सम्पादन, सुरक्षा र नियन्त्रणको ब्यवस्था मिलाईएको ।
- गाउँपालिका, पालिकाअन्तर्गतका शाखाहरु आम पब्लिकसँग जोडिएका सार्वजनिक सरोकारका सूचनाहरु द्रुत माध्यमबाट उपलब्ध गराउँदै आएको तथा शाखा तथा वडाका कामकारवाहीमा आवश्यक सहजीकरण गर्दै आएको ।
- टोल विकास संस्थाको गठन पश्चात फजुल खर्च कटौती, बचत गर्ने बानीको विकास, विकास निर्माणको काममा प्रत्यक्ष श्रमदान, विभिन्न टोलमा सरसफाईका अभियान सञ्चालन, आम नागरिकको गुनासो सुनुवाई, आफ्नो अधिकार र कर्तब्यबारे जानकारी र रचनात्मक सूझावको संकलन गर्दै आएको ।
- यस शाखाको भौतिक तथा वित्तिय प्रगति ९९.५२ प्रतिशत रहेको ।
- टोल विकास संस्थाका सदस्यहरुको लागि प्रति सदस्य न्युनतम २०० र अधिकतम २२०० का दरले ९ वटै वडामा गरी १११ वटा टोलका २९५० घरधुरीलाई जम्मा २८,५०, ८२३ प्याजका विरुवा वितरण गरिएको र वितरित विरुवाबाट ६९१८१ केजी प्याज उत्पादन भएको
- ( प्याजमा आत्मन निर्भरताको अवस्था हेर्दा: बास्तविक बसोवास योग्य जम्मा घरधुरी ४५०० हुँदा त्यसको झण्डैं ९० प्रतिशत घरधुरीले दैनिक १०० ग्राम प्याजको प्रयोग गर्दा यो वर्ष भएको उत्पादनले ४७ प्रतिशत माग पूरा गर्दछ ।)

घ) **वातावरण तथा विपद ब्यवस्थापन शाखा**

- वातावरण तथा विपद व्यवस्थापन समितिका ८ ओटा बैठक सम्पन्न भएको ।
- मनसुनजन्य विपद प्रभावित निजि आवास पुनर्निर्माण अन्तर्गत ८ बैठकमा गरि दोस्रो किस्ताको लागि ३८ जना र तेस्रो किस्तो लागि ३३ जनालाई जिल्ला विपद व्यवस्थापन समितिमा सिफारिस गरिएको ।
- चालु आ. व मा परेका निवेदन उपर छलफल तथा आवश्क काम कार्वाहि अघाडि बढाइएको।

- मनसुनजन्य प्रभावित क्षेत्रबाट प्रभावित भएका घरहरुको संयुक्त रुपमा जिल्ला प्रशासन कार्यलय अनुगमन टोलि र पालिका दुरा अनुगमन गरिएको ।
- वातावरण तथा वन विपद व्यवस्थापन समितिको निर्णय दुरा बहुवर्षिय बिरुवा र जडिवुटिको माग गरिएको ।
- विपद् बाट निर्माण भएका तथा हुदै गरेका घरहरुको अनुगमन गरेको ।
- वन उपभोक्ता समितिका पदाधिकारी र डिभिजन वन कार्यालय प्रमुख तथा प्रतिनिधिहरु सँग वन डडेलो नियन्त्रण तथा जोखिम व्यवस्थापन सम्बन्धी अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको ।
- विपद् रोकथाम तथा नियन्त्रणको लागि मोदि गाउँपालिकामा सञ्चालन भएको विपद् पुर्व योजना तथा प्रतिकार्य तालिममा सहभागि भएको ।
- विपद् प्रतिकार्य र पुर्व तयारिको लागि आवश्यक पर्ने सामग्रिहरु किनेर वडा कार्यालय प्रहरि चौकी र पालिकामा राखिएको ।
- विपद् प्रतिकार्य तथा पुनर्थापनको लागि अन्तर निकाय तथा अन्तर जिल्ला कार्यक्रम सञ्चालन गरेको ।
- न्यूहोराइजन आसपास र पानिट्याङ्कीमा बाडिले पुर्याएको क्षेति कम गर्न तत्काल ग्याविन जालि भर्ने काम गरेको ।
- जम्मा बजेट ५० लाख खर्च रकम ४३६९०७१ भएको ।

ङ) **<u>सूचना ईकाइ</u>**

- सार्वजनिक सरोकारका सूचनामा जनतामा पहुँच पुर्याउनको लागि सूचना शाखाले चालु आ.व. मा सूचनाको हक सम्बन्धी ऐन २०६४ र नियमावली २०६५ बमोजिम कार्यालयले विभिन्न २० वटा शीर्षकमा त्रैमासिक रुपमा सम्पादन गरेका सुचनाहरु संकलन गरी हरेक ३/३ महिनामा स्वतः प्रकाशन गरेको ।
- नियमसंगत रुपमा लिखित रुपमा माग भएका ५ वटा र दिनहुँजसो मौखिक रुपमा माग भएका सार्वजनिक सरोकारका सूचनाहरु लिखित र मौखिक रुपमा उपलब्ध गराउदै आएको ।

च) **<u>जिन्सी शाखा</u>**

- खप्ने र खर्च भएर जाने सम्पुर्ण जिन्सी समानहरुको बिलहरु PAMS मार्फत इण्ट्री गरिएको ।
- इण्धन र मर्मत समेतका बिलहरु PAMS मार्फत इण्ट्री गर्ने ब्यबस्थाले खर्चका शिर्षकहरु पछि सम्म सुरक्षित रहने । खर्चमा समेत मितब्ययिता कायम रहने गरेको ।

- जिन्सी सहायक खातालाइ अधाबधिक गराइ संम्पुर्ण शाखा प्रमुख/ वडा सचिब सहित संपुर्ण संबन्धित कर्मचारीहरुलाइ जिन्सी सामानहरुको जबाफदेहीता बहन गराउन जिन्सि सहायक खातालाइ ब्यबस्थित गरिएको ।
- बिभिन्न शाखाहरुमा आवश्यक परि माग भएका जिन्सी सामानहरु सहकार्य र समन्यात्मक तरिका बाट बजेट शिर्षकको सिमा भित्र रहि अत्यावश्यक भएका समानहरु समयमा नै खरिद गरि सम्बन्धित शाखा साथै वडा कार्यालयमा उपलब्ध गराइएको ।
- पछिल्लो समयमा यस जलजला गाउँपालिका क्षेत्रभित्र अपराधिक घटनाको संख्या बढेको ब्यहोरा अवगतै छ । आगामी दिनमामा अपराधिक घटनालाइ न्युनिकरण गरि भयरहित वातावरण सृजना गरि जनमानसमा शान्ति सुरक्षा सहित अमनचयन कायम गर्न बिषेश गरि बजार क्षेत्रमा आ.व. २०८१/०८२ मा अत्याधुनिक सिसी क्यामरा जडान गर्नु पर्ने आवश्यकता महशुस गरिएको ।
- चालु आ.व को श्रावण देखी हाल सम्म इन्धन तर्फ पेट्रोल ४१९९.८२ लिटर र डिजल २१३८० लिटर प्रयोग एबं खर्च भएको ।
- चालु .व. श्रावण देखि हाल सम्म गाउँपालिका कार्यालय शाखा कार्यालय र वडा कार्यालय बाट खरिद तर्फ खर्च भुक्तानीका लागि इन्ट्री भएको रकम रु १,५६,५२,८०२/९७ रहेको छ ।
- चालु आ.व.को श्रावण देखी हाल सम्म गाडी /मोटरसाइकल/ बिधुतिय मेसिन तर्फ मर्मत खर्च रु ३२,३३,९३२/२७। खर्च भएको छ ।

<u>छ) राजश्व शाखा</u>

- यस जलजला गाउँपालिका क्षेत्र भित्र पर्ने नदिहरुमा बिभिन्न ब्याक्तिहरुले बिभिन्न मितिमा बिभिन्न स्थानमा अबैधरुपमा उत्खनन गरि संकलन गरि राखेको नदिजन्य पदार्थ प्राबिधिक टोलि सहित नाप जाच गरि दण्ड जरिवाना बापतको रकम यस जलजला गाउँपालिकाको खातामा जम्मा गर्न पटक-पटक ताकेता सहित पत्रचार गरिएको ।
- अषाढ मसान्त सम्म अबैधरुपमा उत्खनन गरेको नदिजन्य पदार्थ बापतको दण्ड जरिवाना रकम रु <u>३४,६८,२७३</u> जलजला गाउँपालिकाको कार्यालयमा दाखिला भएको र रु <u>२१,१६,९६९</u> दाखिला हुन बाकी रहेको ।
- गाउँपालिकाको आन्तरिक आम्दानी बृध्दि गरि गैरकानुनी रुपका संचालनमा रहेका ब्यबसायहरुलाइ स्थलगत अनुगमन गरि संम्बन्धित स्थानमा ब्यबसाय दर्ता/नविकरणको ब्यबस्था गर्दै आवश्यक प्रकृया पुरा गरि करको दायरामा ल्याइ ब्यबसायिहरु र गाउँपालिका बिचको संम्बन्ध समधुर गराइ जबाफदेहीता र पारदर्शिका लागि प्रत्येक ब्यबसायिहरुले अनिवार्य रुपमा आ-आफ्नो पसलमा मुल्य

सुचि राख्न अनुरोध गर्दै आवश्यक सहजिकरण कार्यका लागि उधोग बाणिज्य संघ मल्लाज शाखालाइ समेत अनुरोध गरिएको ।

- गाउँपालिकाको राजश्व बृध्दि गरि जलजलाबासीहरुका जिवनमा दैनिक सरोकारका रुपमा खडकिरहेका अत्यवश्यक बिषयहरुलाइ आगामी बजेट मार्फत सम्बोधन गर्ने मनसायका साथ यस गाउँपालिका क्षेत्र भित्र पर्ने कालिगण्डकी नदिमा आइ.इ.इ. गरि कानुन बमोजिम नदिजन्य स्रोत साधननको उचित प्रयोग र ब्यबस्थापन गर्न आवश्यक प्रकृया अगाडी बढाइएको ।
- गाउँपालिकाको क्षेत्र भित्र हुक्का र पलाष्टिकजन्य कमसल खालको रक्सि लागुपदार्थ पुर्णरुपमा बन्द गर्नका लागि आवश्यक पहल गरिएको ।
- निकट भबिष्यमा नै जलजला क्षेत्र भित्र घर कोड नं कायम गरि घर भाडामा बस्ने ब्याक्तिहरु एकिन गरि साबिकमा घर भाडा मार्फत छलि हुदै आएको राजश्वलाइ थप ब्यबस्थित गरि बृध्दि गर्ने ।
- यस जलजला गाउँपालिका क्षेत्रभित्रका संपुर्ण ब्यबसायिहरुलाइ ब्यबसाय दर्ता/नबिकरण/प्रचलित कानुन र मापदण्ड बमोजिम संचालन गर्नका लागि बिभिन्न माध्यम मार्फत जानकारी गराइसकिएको हुदा गाउँपालिका कार्यालयको अनुगमन टोली मार्फत यथाशिघ्र बिभिन्न स्थानमा स्थलगत अनुगमन गरि प्रचलित कानुन र मापदण्ड बमोजिम नरहेको पाइएमा कानुन बमोजिम कार्बाही गर्ने ।
- संम्पुर्ण राजश्व र आन्तरिक आम्दानी सुत्र मार्फत संकलन गरिएको ।
- आगामी आ.व. देखी संम्पुर्ण सेवाग्राहीहरुले घरमै बसेर कर राजश्व Online Payment गर्न सकिने ब्यबस्थाको लागि आवश्यक पहल गरिएको ।
- गाउँपालिका क्षेत्रभित्र बजार अनुगमनको क्रममा संचालन गरिएको शिबिरमा नयाँ ब्यबसाय दर्ता ५ र नबिकरण ४८ वटा भएका ।
- चालु आ.व श्रावण देखी हाल सम्म ब्यबसाय दर्ता जम्मा ४३ नबिकरण जम्मा २१४ ब्यबसाय बन्द ८ र घ बर्ग को ब्यबसाय नबिकरण ३ भएका ।
- चालु आ.व. श्रावण देखी हाल सम्म गाउँपालिका बाट राजश्व संकलन तर्फ रु १,३३,४५,९५७.३७ र वडा कार्यालय तर्फ रु २४,६७,९९४.२० गरि जम्मा रु १,५८,१३९५,१५७.५७ संकलन भएको ।

| क्र.सं. | राजस्व शीर्षक | असार मसान्त सम्म जम्मा |
|---|---|---|
| १ | सम्पती कर | ६,५३,९२२.५० |
| २ | भुमिकर/मालपोत | १३,२९,७२३.१५ |
| ३ | वहाल कर | २६,१३,३५९.१६ |
| ४ | कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | १६,५००.०० |

| | | |
|---|---|---|
| ५ | अखेटोपहारमा लाग्ने कर | ९,०३,०००.०० |
| ६ | अन्य कर | ६,७८,५११.५२ |
| ७ | कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम | २९,५५,१४९.४० |
| ८ | अन्य सेवा शुल्क तथा बिक्री | २,९९,२४८.०० |
| ९ | न्यायिक दस्तूर | १,५१०.०० |
| १० | शिक्षा क्षेत्रको आम्दानी | ३१,०००.०० |
| ११ | परीक्षा शुल्क | १२,७००.०० |
| १२ | अन्य प्रशासनिक सेवा शुल्क | २७,०००.०० |
| १३ | नक्सापास दस्तुर | ७,९७,००८.८० |
| १४ | सिफारिश दस्तुर | ७,१७,१५०.०० |
| १५ | व्यक्तिगत घटना दर्ता दस्तुर | ३,४८,५००.०० |
| १६ | नाता प्रमाणित दस्तुर | २,०४,५००.०० |
| १७ | अन्य दस्तुर | ५१,९१०.०० |
| १८ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | ३,५९,६१५.०० |
| १९ | जलस्रोत सम्बन्धी अन्य दस्तुर | ८,१००.०० |
| २० | प्रशासनिक दण्ड, जरिवाना र जफत | ३७,८१,२७४.०४ |
| २१ | व्यवसाय कर | १०,८९०.०० |
| २२ | बेरूजू | १३,३८०.०० |
| | जम्मा | १,५८,१३,९५१.५७ |

जम्मा राजश्व संकलनः ०१ करोड ५८ लाख १३ हजार ९ सय एकाउन्न रुपौंया ५७ पैसा मात्र

झ) **व्यवसाय दर्ता शाखा**

- गाउँपालिका क्षेत्रभित्र बजार अनुगमनको क्रममा संचालन गरिएको शिबिरमा नयाँ ब्यबसाय दर्ता ५ र नबिकरण ४८ वटा भएका ।
- चालु आ.व श्रावण देखी हाल सम्म ब्यबसाय दर्ता जम्मा ४३ नबिकरण जम्मा २१४ ब्यबसाय बन्द ८ र घ बर्ग को ब्यबसाय नबिकरण ३ भएका ।

ञ) **स्वास्थ्य शाखा**

- ४८ जना बिपन्न  नागरिक औषधि उपचार खर्च भुक्तानी गरिएको ।
- ५ वर्ष मुनिका बालबालिका लाइ रास्ट्रीय भिटामिन ए  कार्यक्रम पहिलो चरण सम्पन्न गरिएको ।
- गर्भवती आमा हरुलाइ ग्रामिण भिडियो एक्सरे सेवा संचालन गरिएको ।
- प्रजनन उमेर साथै आङ खस्ने समस्या भएका महिलाहरु लाइ VIA जाँच तथा आङ खस्ने समस्या समन्धी निशुल्क स्वास्थ्य शिबिर संचालन गरिएको ।
- आधारभुत तथा आक्समिक स्वास्थ्य सेवा का लागि औषधि खरिद तथा वितरण गरिएको ।
- ०९ महिना देखि ५ वर्ष सम्म का बालबालिकाहरुलाइ दादुरा रुवेला खोप अभियान संचालन गरिएको।
- क्षरोग कार्यक्रम स्थलगत अनुशिक्षण गरिएको ।
- आमा सुरक्षा कार्यक्रम र प्रजन्नन स्वास्थ्य कार्यक्रम संचालन गरिएको ।
- वर्थिङ सेन्टर हरुमा on site coaching गरिएको ।
- पूर्ण खोप सुनिचितता तथा दिगोपना कार्यक्रम संचालन गरिएको ।

ट) **<u>सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखा</u>**

- प्रथम किस्ता वापत २९६० जना लाभग्राहीहरुलाई रु. २,६९,९८,९६०
- दोस्रो किस्ता वापत ३००१ जनालाई लाभग्राहीहरुलाई रु.२, ७४, २४,८२१
- तेस्रो किस्तामा EFT माध्यमबाट २९९५ लाभग्राहीहरुलाई रु.२, ७३, ७२,८०७
- चौथौ किस्मा EFT माध्यमबाट ३०२७ लाभग्राहीहरुलाई रु. २७६९९२४० वितरण गरिएको ।

<u>व्यक्तिगत घटनादर्ता अन्तर्गत सवै वडाहरुमा</u>

- जन्मदर्ताः ४७७
- मृत्युदर्ताः २००
- सम्बन्ध विच्छेदः ४५
- विवाहदर्ताः २३७
- बसाईसराई गरि आएको परिवार दर्ता संख्या ११ सदस्यहरुको संख्याः ३७
- बसाईसराई गरि गएको परिवार दर्ता संख्या ५८ सदस्यहरुको संख्याः २०३

**<u>ठ) शिक्षा युवा तथा खेलकुद शाखा</u>**

- अभिभावक शिक्षा कार्यक्रम सिटिएफ नेपालसंगको सहकार्यकमा  ९ वटै वडाका सम्पूर्ण विद्यालयमा सम्पन्न गरिएको ।
- कक्षा ३,५,८, १० को उपलब्धीपरीक्षा सञ्चालन नतिजाको तुलनात्म विश्लेषण गरिएको ।

- मुख्य विषयका नेपाली, अङ्ग्रेजी, गणित, विज्ञान सामाजिक  पाँच ओटा विषयको विषयगत शिक्षक समूह गठन परिचालन प्रश्नपत्र बैङ्क निर्माण कार्यशाला सञ्चालन गरिएको ।
- गाउँपालिका भरका शिक्षक तथा प्राधानाध्यापक विच कार्यसम्पादन करार सम्झौता गरी कार्यान्वयन गरिएको ।
- गाउँपालिका भरका शिक्षक, विद्यालय कर्मचारी, बालशिक्षक,प्रधानाध्यापक सामुदायिक संस्थागत विद्यालयका, कार्यालय सहयोगी र विद्यालय एवं व्यवस्थापन समितिबाट निश्चित मापदण्डका आधारमा आवेदन सङ्कलन गरी उत्कृष्ट हुने ८ जनालाई  नगद पुरस्कार सहित सम्मान गरिएको ।
- २०७९/०२/५ पश्चात सेवा निवृत हुने  ९ जना शिक्षकहरू र शैक्षिक सत्र २०७९ सम्ममा ३० वर्षसम्म सेवा गरेका  गाउँपालिका भरका २८ जना शिक्षकलाई सम्मान गरिएको ।
- गाउँपालिका भरका कक्षा १-३ का विद्यालयमा हस्तलेखन प्रतियोगिता, ३-५ को निबन्धलेखन प्रतियोगिता, कक्षा ६-८ वक्तृत्वकला प्रतियोगिता तथा ९-१० को वादविवद प्रतियोगिता सञ्चालन पुरस्कार वितरण गरिएको ।
- बाल दिवसको अवसरमा माध्यमिक विद्यालय स्तरीय सांस्कृतिक कार्यक्रम गरिएको ।
- आधारभूत तह कक्षा ६-८ स्तरीय डिजिटल हाजिरीजवाफ प्रतियोगिता सञ्चालन गरिएको ।
- गाउँपालिका भरमा कक्षा ८, एसइइ र कक्षा १२ को परीक्षामा उत्कृष्ट हुने विद्यार्थीहरूलाई नगद पपुरस्कार सहित सम्मान गरिएको ।
- आधारभूत तथा माध्यमिक तहमा रिक्त शिक्षक दरबन्दीमा नियमानुसार करार पदपुर्ति गरिएको ।
- शिक्षक सेवा आयोगबाट छनोट र शिक्षा विकास तथा समन्वय इकाइ, पर्वतबाट नियुक्ति लिएर आएका  मावि  निमावि र प्रावि तहका शिक्षकहरूको रक्त स्थानमा नियमानुसार पदस्थापना गरिएको।
- गाउँपालिका अन्तर्गत सञ्चालित सम्पूर्ण विद्यालयहरुको कक्षा ३,५,८ र १० को उपबल्धी परीक्षा सञ्चालन, नतिजा प्रकाशन तथा नतिजा विश्लेषण गरिएको ।
- स्रावण देखि  चैत्र सम्मको शिक्षक, विद्यालय कर्मचारी तथा बालविकास सहजकर्ताको तलबभत्ता निकासा गरिएको ।
- स्रावण देखि चैत्र सम्मको दिवा  बालकक्षा देखि कक्षा ५ सम्मका बालबालिकाहरूको दिवाखाजा बापतको रकम निकासा गरिएको ।
- प्रथम द्वित्तीय त्तृतीय त्रैमासिक परीक्षा गाउँपालिका बाटै सञ्चालन  नतिजा प्रकाशन विश्लेषण गरिएको।
- शैक्षि सत्र २०८० को वार्षिक शैक्षिक क्यालेण्डर निर्माण गरिएको ।

- विलालय सञ्चालन तथा अनुदान बापतको प्रतिसत रकम तथा पिसिएफ निशुल्क पापु, छात्रा तथा दलित छात्रावृत्ती लगायत शरर्त अनुदान रकम वीद्यालय तथा विद्यार्थी सङ्ख्याका आधारमा वितरण स्थानीय पाठ्यक्रम निर्माण अन्तर्गत कार्यारम्भ, ५० प्रतिशत कार्यसम्पन्न गरिएको ।
- नेपाल सरकारको सशर्त अनुदान अन्तर्गत प्राप्त पुस्तकालय कोटा १, विज्ञान प्रयोगशाला कोटा, २ र तोकिएको सूचकाङ्कका आधारमा कार्यसम्पादन गर्ने विद्यालयको लागि अनुदान कोटा ५ को वितरणको लागि प्रश्ताव आह्वान गरिएको ।
- कक्षा १ र ९ को वार्षिक परीक्षा सञ्चालन उत्तर पुस्तिका परीक्षण गरी गाउँपालिका स्तरमा नतिजा प्रकाशन गरिएको ।
- विद्यालय कक्षा समायोजन तथा दरवन्दी मिलानको कार्य सम्पन्न गरी पत्राचार गरीसकेको ।
- विद्यालयमा शैक्षिक गुणस्तर कायम गर्न गाउँपालिका अन्तरगतका विद्यालयहरुलाई विद्यालय विकास प्रस्ताव सहित अस्थायी प्रधानाध्यापक नियुक्ति गर्न सूचना प्रकाशन गरीएको ।
- गाउँपालिकाका सम्पूर्ण विद्यालयहरुका शिक्षकहरुलाई भेला गराई वडा शिक्षा समितिका संयोजक र शिक्षा समितिका पदाधिकारी सहित बृहत शैक्षिक अन्तरक्रिया कार्यक्रम सञ्चालन गरीएको ।
- गाउँपालिका अन्तरगतका सम्पूर्ण शिक्षकहरुको विषयगत उत्तीण प्रतिशत सहित प्रतिवेदन तयार गरी वडा शिक्षा समिति र गाउँ शिक्षा समितिको संयूक्त बैठकमा समिक्षा गरीएको ।
- सम्पूर्ण विद्यालयका विद्यालय ब्यवस्थापन समिति अध्यक्ष र शिक्षक अभिभावक संघका अध्यक्षहरुको दुई दिने क्षमता विकास कार्यक्रम सम्पन्न गरिएको ।
- प्रअ बैठक संख्या ५ ।
- गाउँपालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड सम्पन्न गरी जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्डका लागि विद्यार्थी छनोट गरी पठाइएको ।
- शिक्षा विकास निर्देशनालय तथा गण्डकी प्रदेश सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय द्धारा प्रकाशित सूचनाका आधारमा विभिन्न कार्यक्रमका लागि गाउँपालिकाका विद्यालयहरुलाई प्रस्ताव पेश गर्न सहजिकरण गरीएको र छनोट भएका विद्यालयलाई कार्यक्रम कार्यान्वयनका लागि सहयोग गरिनुका साथै अनुगमन प्रतिवेदन पेश गरिएको ।
- शैक्षिक कार्यपात्रो निर्माण गरीएको ।

**ढ) सुचना तथा प्रबिधि शाखा**

- साविकमा प्रयोग हुदै आएको सम्पत्ती तथा भूमि कर व्यवस्थापन सफट्वेयरका सम्पुर्ण डाटा सुत्र प्रणलीमा माईग्रेसन गरिएको ।

- स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) मा ९०.२५ र वित्तिय सुशासन जोखिम मूल्याङ्कन (FRA) मा ७९ अङ्क हासिल भई जिल्लामा उत्कृष्ठ पालिका बन्न सफल भएको।
- गाउँपालिका भरका ३४ ओटा आधारभूत विद्यालयमा २ बर्षका लागि निशुल्क ब्रोडव्याण्ड ईन्टरनेटका लागी नेपाल दुरसंचार प्राधिकरण संग सम्झौता भइ कार्य अगाडी बडाइएको।
- सूचना सञ्चार तथा प्रबिधि मन्त्रालयको सहयोगमा केन्द्रिकित हाजिरि जडान गरिएको ।
- प्रथम तथा दोस्रो चरणको आईसिटि परिक्षा प्रश्नपत्र निर्माण उत्तरपुस्तिका चेकजाँच, परिक्षा अनुगमन तथा नतिजा प्रकाशन गरिएको ।
- प्रबिधिमैत्री कक्षाकोठा निर्माण कार्यका लागी गाउँपालिकाका विभिन्न विद्यालयको स्थलगत अवलोकन गरेर ईस्टीमेट तयार पारिएको र रिपोट प्र.अ बैठक/गाउँशिक्षा समिति बैठकमा पेश गरिएको ।
- शैक्षीक शत्र ०८० को अन्तिम त्रैमासिक परिक्षाको सम्पुर्ण बिधालयको नतिजा ईन्ट्रि गरिएको ।
- गाउँपलिकाका विभिन्न प्रतिवेदन तयार पारी विभिन्न निकायमा पठाईएको ।
- वेवसाईट तथा ईमेल व्यवस्थापन ।
- पालिका मातहता वडा कार्यालय, स्वास्थ्य चौंकी, बिधालय लगायत विभिन्न शाखामा आईपर्ने विभिन्न प्रकारका प्रविधिक समस्याको समाधान गरिएको ।

## ण) कृषि तथा सहकारी विकास शाखा

- उन्नत आलु विउ उत्पादन कार्यक्रम (ढुवानी कोल्ड स्टोर तथा भूक्तानी दायित्व)
  आ.ब. ०७९/८० मा आलु बीउ उत्पादक कृषकहरुको उपज ६३३३० केजी आलु बीउ गाउँपालिकाले रु. ३७९९८०० मा खरीद गरीएको ।

- टोल विकास संस्था तथा समूह उद्यमीलाई कृषि सामाग्री अनदान
  ११० वटा टोल विकास संस्थाका ११३८ जना सदस्यहरुलाई कृषिजन्य सामाग्री (स्प्रेयर सिकेचर प्रुनिङ्ग स नर्सरी पाईप त्रिपाल क्रेट फ्रुट हार्भेष्टर बीउ उडाउने पंखा लगायतका सामाग्रीहरु वितरण ।

- पि.वि.एस. तथा मूल बिउ कार्यक्रम
  २२७० केजी आलुको पुर्व मुल बीउ १ उत्पादन गाउँपालिकाले खरीद गरी कोल्ड स्टोरमा भण्डारण गरीएको ।

- फलफुल वाली (किवि,सुन्तला,ओखर हिउँदे/बर्षे)
  ३६३ ओखर ४००० सुन्तला विजु १२०० कागती विजु ११२० कलमी सुन्तला र ७५० कलमी कागती वितरण गरीएको ।

- <u>व्यवसायिक तरकारी प्याज तथा सूर्यमुखी प्रवर्द्धन कार्यक्रम</u>

  जलजला गाउँपालिकाका ९ वटै वडाहरुका ११५ टोल विकास संस्थाहरूका ३३७० घरधुरीका प्रत्येक सदस्यहरुलाई जम्मा २८६४०२३ विरुवा वितरण गरी ६९१८१ केजी प्याज उत्पादन भएको ।

- <u>सहकारी शिक्षा तथा समूह स्तरीय तालिम गोष्ठी</u>

  वडा स्तरमा स्थलगत तालिम संचालन भैसकेको र सहकारी बिभागका कोपोमिस विज्ञ द्वारा सहकारीका प्रबन्धक र लेखा कर्मचारीहरुका लागी २ दिने सहकारी तथा गरीवी सम्बन्धी ब्यबस्थापन सुचना प्रणाली तालिम संचालन गरिएको ।

- <u>साना सिंचाइ निर्माण तथा मर्मत सम्भार</u>

  जलजला ८ खनियाघाटमा कार्यक्रम विनियोजन भई काम सम्पन्न ।

- <u>खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा अनुदान(धान/गहुँ/मकै)</u>

  कृषक समुह टोल विकास संस्थाहरुको माग बमोजिम अरुण २ मकै ५६० र मनकामना ३ जातको मकैको बीउ ६५० गरी १२१० केजी मकैको उन्नत बीउ बितरण गरिसकिएको ।

## त) <u>पशु सेवा शाखा</u>

**<u>समानीकरण तर्फ</u>**

- <u>उन्नत घाँस तथा विउ अनुदान</u>

  १२०० के.जी जै घाँसको विउ र २५ केजी वर्षिम घाँसको विउ वितरण भएको र विउ उत्पादनको लागी विउ वितरण कार्यक्रम अन्तरगत उत्पादित विउ खरिदको चरणमा रहेको भने बहुवर्षे भुई घाँसको विउ खरिद वितरण गर्न बाँकी रहेको।
- <u>औषधि खरिद तथा वितरण</u>

  २ चरणमा औषधी खरिदकोकाम सम्पन्न भएको ।
- <u>कृत्रिम गर्भाधान अनुदान</u>

  प्रथम चरणमा ६२ वटा पशुको कृत्रिम गर्भाधान बाट जन्मेका गाई भैसीको सुत्केरी पोषण खर्च वितरण भएको । लाभान्वित कृषक संख्या ५४ ।
- <u>गोरुगाई पालन अनुदान</u>

  सम्पुर्ण स्थानिय गाई/गोरुको विमा गरी भुक्तानिको लागी अन्तिम चरणमा रहेको ।
- <u>निःशुल्क पशु विमा कार्यक्रम</u>

  स्थानिय गाई गोरु अनुदान कार्यक्रममा संलगन सम्पुर्ण पशुको विमा गर्ने काम सम्पन्न भई वडा नं. १, २, ३,४,५,६ र ९ को विमा वापतको प्रमियम रकम भुक्तानी भैसकेको भने वडा नं. ७ र ८ को भुक्तानि हुन बाँकी ।
- <u>हल गोरु पालन प्रोत्साहन अनुदान कार्यक्रम</u>

सुचना प्रकाशन भई जम्मा ६० वटा निवेदन प्राप्त भएको र कार्यविधि बमोजिम वडा अनुसार कोटा निर्धारण गरी जम्मा २२ हल गोरु पालक छनौट गरी भुक्तानीको लागी सिफारिस भैसकेकोले भुक्तानी हुने अन्तिम चरणमा पुगेको ।

**शसर्त तर्फ**

- आ.व. २०७९/८० मा स्थापना भएको गाई/भैंसी पकेट विकास कार्यक्रमको निरन्तरता

  १ वटा कृषक समुह र २० जना कृषि फर्म सुचिकृत भई छनौट भएकोमा १ वटा कृषक समुह र १९ वटा कृषि फर्म सँग सम्झौता भई कार्यक्रम अन्तिम चरणमा पुगेको ।
- कृत्रिम गर्भाधान मिसन कार्यक्रम

  मासिक तरल नाईट्रोजन ढुवानी, आवश्यक सामग्री खरिद तथा कृत्रिम गर्भाधान सेवा सुचारु रुपले संचालन गरिएको ।
- आधारभूत प्रयोगशाला कार्यक्रम

  प्रयोगशाला को लागी आवश्यक सामग्र खरिदको लागी प्रकृया अगाडी बढीसकेको र सामग्र आउन बाँकी रहेको ।
- इपिडेमियोलोजिकल रिपोर्टिङ्ग

  मासिक रिपोर्ट तयार गरी प्रादेशिक तथा संघिय कार्यालयमा प्रेषण गर्ने गरिएको ।

## थ) महिला तथा बालबालिका शाखा

- हरितालिका तिज र राष्ट्रिय बाल दिवसको अवसरमा तिज गित प्रतियोगिता सम्पन्न गरिएको ।
- पुर्ण तथा अति अशक्त अपांगता भएका २० जनालाइ अपांगता परिचयपत्र वितरण गरिएको।
- अपाङ्गता दिवसको अवसरमा अपांगता भएका व्यक्तिहरुसग अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको।
- लैङ्गिक हिसां विरुद्धको १६ दिने अभियान अन्तर्गत सचेतनामुलक कार्यक्रम संचालन गरिएको।
- १८ वटा ज्येष्ठ नागरिक परिचयपत्र वितरण ।
- ड्राइभिङको लागि सूचना प्रकाशन गरी १६९ जना व्यक्तिहरुको निवेदन मध्येबाट सबै वडाका जम्मा ३० जना युवाहरु छनौट गरी स्वरोजगार बनाउने उद्देश्यले ड्राइभिङ तालिम २०८१।०१।२५ देखि संचालनमा गराइएको।
- सबै वडाका करिब ४०० जना ज्येष्ठ नागरिकहरुलाइ पन्चकोट बाग्लुङ धार्मिक भ्रमण गराइएको।
- महिलाहरुका लागि १ महिने बुटिक सम्बन्धी तालिम २०८१।०१।२५ देखि २०८१।०२।२४ सम्म संचालन गरि आत्मनिर्भर बनाउने उद्देश्यले बुटिकको लागि रिङ र बुटिकका केहि सामानहरु उपलब्ध गराइएको।

- जलजला गाउपालिका र मानव अधिकारका लागि एकल महिला समुह पर्वतको सहकार्यमा एकल महिलाहरु र सरोकारवाला हरुविच अन्तरक्रिया/सचेतना कार्यक्रम तथा जलजला गाउपालिका एकल महिला संजाल गठन गरिएको ।
- सुनौला हजार दिन कार्यक्रम अन्तर्गत सुत्केरी आमा र बच्चाको पोषणमा सुधार ल्याउने उद्देश्यले १ वर्ष भित्र सुत्केरी भएका ९ वटै वडाका सम्पुर्ण महिलाहरुलाइ उपाध्यक्ष सग सुत्केरी पोषण कार्यक्रम मार्फत १ माना घिउ र २ क्रेट अन्डा हस्तान्तरण कार्यक्रम सम्पन्न गरिएको ।
- राष्ट्रपती महिला उत्थान जिविकोपार्जन सुधार कार्यक्रम अन्तर्गत गाउपालिका भित्रका २५ जना महिलाहरुलाइ सिप तथा व्यवसायिक विकास तालिम प्रदान गरी २६००० का दरले खाता मार्फत बिउपुजी रकम उपलब्ध गराइएको।

## द) प्रधानमंत्री रोजगार शाखा-

नेपाल सरकार र विश्व बैंक बाट शसर्त रुपमा प्राप्त बजेट निम्न अनुसार रहेको छ ।

- नेपाल सरकार बाट प्राप्त रकम रु १९,८०,००० (अक्षेरुपी उन्नाइस लाख असि हजार रुपैया मात्र)।
- विश्व बैक बाट अनुदान प्राप्त रु २६,७२,००० ( अक्षेरुपी छब्बीस लाख वहत्तर हजार रुपैया मात्र)
- जम्मा रोजगारी सृजना तर्फ रु ४६,५२,००० ( अक्षेरुपी छ्यालिस लाख बाउन हजार रुपैया मात्र) ७० जनालाई १०० दिन बराबरको रोजगारी दिने बजेट प्राप्त भएको ।
- कुल रोजगार सेवा केन्द्रलाई रु ७०,१२,००० ( अक्षेरुपी सत्तरी लाख बाह्र लाख रुपैया मात्र)

**रोजगार सेवा केन्द्रका कार्यहरु:**

१. मिति २०८० साल भाद्र ५ गते कार्यपालिका दुरा सघिय शसर्तबाट प्राप्त भएको रकमलाई बेरोजगारको संख्याक्रम वजेटको स्रोत अनुसार वडामा विभाजन गरि ७० जनालाई १०० दिनको रोजगारी उपलव्ध गराउने निर्णय भएको । जसको विवरण यस प्रकार रहेको छ ।

| क्र.स | वडा कार्यालय | स्रोत | ज्याला दर | प्रथामिकिरण/ सङ्ख्या | जम्मा रकम | कैफीयत |
|---|---|---|---|---|---|---|
| १. | १ नम्बर वडा | आईडिय | ६६८ | ६ | ४००,८०० | |
| २. | २ नम्बर वडा | आईडिय | ६६८ | ८ | ५,३४,४०० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३. | ३ नम्बर वडा | नेपाल सरकार | ६६८ | ७ | ४,६७,६०० | |
| ४. | ४ नम्बर वडा | आईडिय | ६६८ | ८ | ५,३४,४०० | |
| ५. | ५ नम्बर वडा | आईडिय | ६६८ | ८ | ५,३४,४०० | |
| ६. | ६ नम्बर वडा | नेपाल सरकार | ६६८ | ८ | ५,३४,४०० | |
| ७. | ७ नम्बर वडा | नेपाल सरकार | ६६८ | ८ | ५,३४,४०० | |
| ८. | ८ नम्बर वडा | नेपाल सरकार | ६६८ | ८ | ५,३४,४०० | |
| ९. | ९ नम्वर वडा | नेपाल सरकार /आईडिय | ६६८ | ९ | ६,०१,२०० | |

यसरी वजेट विनियोजन कार्यपालिकादुरा विनियोजन भई प्राथमिकिरण मा परेका बेरोजगारलाई न्युनतम १०० दिनको रोजगारि उपलव्ध गराउने कार्य अन्नतर्गत निम्न कार्यहरु भएको जानकारी गराउछु ।

**तपशिलः**

**वडा नं १ वास्खर्कः**

वडा नं १ मा प्राथमिकिरणमा परेका ६ जना बेरोजगारले देउराली प्रा.विको पहिरो व्यवस्थापन तथा जालि भर्ने काम र ज्योतिमण्डल माध्यामिक विध्यालयको पहिरो व्यवस्थापन र विधालय जाने गोरेटो बाटो निर्माण गरि भुक्तानि कार्य भइसकेको ।

**वडा नं. २ मल्लाजः**

वडा नं. २ मा प्राथमिकिरणमा परेका ८ जना बेरोजगार मध्ये २ जनाले बगरफाँटमा वडाको साझेदारीमा नालि निर्माण कार्य सम्पन्न गरि भुक्तानि समेत भइसकेको र बाँकी ६ जना बेरोजगार व्यक्तिले शिवलाय मन्दिर बाटो निर्माण तथा मर्मत सम्भार को काम सञ्चालन भइरहेको छ ।

**वडा नं. ३ मल्लाजः**

वडा नं. ३ मा प्राथिमिकरण परेका ७ जना बेरोजागार व्यक्तिले विध्याज्योति माध्यामिक विद्यालयको पर्खाल निर्माण र डिलफाँट देखि विद्याज्योति माध्यामिक विधालयको बाटो निर्माण गरि सकेको र भुक्तानि समेत भई सकेको ।

**वडा नं. ४ फड्केढुङ्गाः**

वडा नं. ४ मा प्राथमिकता मा परेका ८ जना बेरोजागर व्यक्तिले चिउरिपात्ला गोरेटो बाटो र खोलाखेत आमासमुह भवन जाने गोरेटो बाटो निर्माण गर्ने भनि सम्झौता गरि कार्य सम्पन्न गरि भुक्तानि समेत भई सकेको ।

**वडा नं. ५ लेखफाँट :**

वडा नं. ५ मा प्राथमिकतामा परेका ८ जना बेरोजगारले शिवालय मन्दिर ग्याविन भर्ने वडा कार्यालय प्रखाल निर्माण र गौरेगाउँ देखि लोप्रे मोटरबाटो सोलिङ कार्य गर्ने गरि सम्झौता गरि कार्य सम्पन्न गर्ने अन्तिम चरणमा रहेको ।

**वडा नं. ६सालिजा :**

वडा नं. ६ मा प्राथकितामा परेका ८ जना बेरोजागर व्यक्तिले भोटेडाँडा सालिजा मोटर बाटो सोलिङ गर्ने भनि सम्झौता भई कार्य सम्पन्न गर्ने अन्तिम चरणमा रहेको ।

**वडा नं. ७ धाइरिङः**

वडा नं. ७ मा प्राथमिकतामा परेका ८ जना वेरोजार व्यक्तिले सल्यान अम्लाय नाथिमारे मोटरबाटोमा जालि भर्ने साथै खत्रीटोल चिसापानी मोटरबाटो सोलिङ गर्ने भनि सम्झौता भई कार्य सञ्चालन भईरहेको ।

**वडा नं ८ नाइलिवाङः**

वडा नं.८ मा प्राथकितामा परेका ८ जना बेरोजगार व्यक्तिले सम्झौता भई काम गरेको नापजाचको काम बाँकि रहेको ।

**वडा नं. ९ बनौ :**

वडा नं. ९ बनौमा प्राथमिकतामा परेका ९ जना बेरोजगार मध्ये ७ जना व्यक्तिले बनौ मोटर बाटो सोलिङ, ठुल्लाचौर देखि वडा कार्यालय र वडा कार्यालय देखि पल्लावारी गाउँसम्मको पैदल मार्ग निर्माण गरि भुक्तानि भैसकेको र २ जनाले ठुलाचौर देखि गाम जाने बाटो निर्माण कार्य सुचारु भइरहेको ।

**अन्य कार्यहरु :**

- योजनाको नियमित अनुगमन तथा निरिक्षण गरेको ।
- वैदेशिक रोजगारमा गई करार अवधिमा मृत्यु भएका १८ वर्ष भन्दा मुनका वालावलिकालाई लक्षित गरि वैदेशिक रोजगार वोडले सञ्चालन गरेका वैदेशिक रोजगार सन्तति क्षात्रवृत्ती मा पाँच जनाको नाम सिफारिस गरेको ।
- वैदेशिक रोजगार गई मृत्यु भएका परिवारको आर्थीक सहायताको लागि वैदेशिक रोजगार वोडमा सिफारिस गरिएको ।
- स्थानिय रोजगार रणनितिको लागि पालिकाको सवै वडामा अभिमुखिकरण गरिएको ।

- आर्थीक वर्ष ८०२/८३ को लागि बेरोजगारको तथ्याङ्क संकलन गर्न वडा कार्यालयमा पत्राचार गरिएको । वडामा संकलित निवेदनहरु रोजगार व्यवस्थापन प्राणाली (EMIS Employee management system) मा प्रविष्ट गरिएको आगामि वर्षमा ५३९ जना बेरोजगार सुचिकृत भएको जम्मा पुरुष ३७९ र महिला १६० जना रहेको
- श्रम को सम्मान राष्ट्रको अभियान कार्यक्रम सञ्चालन गरिएको ।
- वैदेशिक रोजगारीलाई सुरक्षित मर्यादित र व्यवस्थित बनाउन श्रम स्वकृतिको सहजिकरणको लागि पालिकालाई जिम्मा दिएकोमा २०८० श्रावण महिना देखि असार मसान्त सम्म ७३ जनाको पुन श्रम स्विकृतीको लागि सहजिकरण गरिएको ।

ध) **आन्तरिक लेखा परिक्षण शाखा-**

- आ.व. २०७९/८० को चौमासिक आन्तरिक लेखापरिक्षण सम्पन्न भएकोमा पुनः एकमुष्ट आन्तरिक लेखापरिक्षण सम्पन्न गरि लेखापरिक्षण प्रतिवेदन लेखाशाखा र महालेखा परिक्षकलाई बुझाएको।
- आ.व. २०८०/०८१ को पहिलो चौमासिक (श्रावण देखि कार्तिक) आन्तरिक लेखापरिक्षण सम्पन्न गरि बेरुजु हटाउन लेखापरिक्षण प्रतिवेदन लेखाशाखामा बुझाएको।
- महालेखापरिक्षकद्वारा औंल्याएको आ.व. २०७४/०७५, २०७५/०७६, २०७६/०७७, २०७७/०७८, २०७९/०८० को अन्तिम लेखापरिक्षण प्रतिवेदनहरुको बेरुजुहरुको सङ्क्षेपिकरण गर्ने कार्य सम्पन्न भएको छ।
- यस जलजला गाउँपालिकाको आ.व. २०७९/०८० मा महालेखापरिक्षकले लेखापरिक्षण सम्पन्न गरी प्रारम्भिक प्रतिवेदन पेश गरेकोमा प्रतिवेदनमा बेरुजु फछ्र्यौटको लागि सम्वन्धित व्यक्ति तथा संघ संस्थाहरुलाई पत्राचार गरिएको छ।
- आ.व. २०८०/०८१ को दोस्रो चौमासिक(मङ्सिर देखि फागुन) आन्तरिक लेखापरिक्षण सम्पन्न गरि बेरुजु हटाउन लेखापरिक्षण प्रतिवेदन लेखाशाखामा बुझाएको।
- महालेखापरिक्षकद्वारा औंल्याएको आ.व. २०७४/०७५, २०७५/०७६, २०७६/०७७, २०७७/०७८, २०७८/०७९, २०७९/०८० को अन्तिम लेखापरिक्षण प्रतिवेदनहरुको अनियमित बेरुजु फर्छ्यौटको लागि कार्यापालिकामा पेश गरी गाउँसभामा लैजानको लागि आवश्यक काम सम्पन्न भयो।
- यस जलजला गाउँपालिका वडा नं. हरु १,३,४,६,९ का चलानी किताबहरुको आ.ले.प. कार्य सम्पन्न भएको छ।

**न) <u>नक्शा पास शाखा</u>**

- प्रथम चरण इजाजत पत्र प्रदान - १८ वटा
- दोश्रो चरण इजाजत पत्र प्रदान - ०८ वटा
- नयाँ घर निर्माण सम्पन्न संख्या - ०२ वटा
- घर अभिलेखीकरण गरिएको घर संख्या - १९ वटा
- १५ दिने सूचना प्रकासन - १७ वटा
- घर निर्माण सम्पन्न प्रतिलिपी - ०१ वटा

**प) <u>गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) शाखा</u>**

- गरिबी निवारणको लागि लघु उधम बिकास अन्तर्गत १ महिने उनिको पछ्युउरी बुनाई तालिम धाईरिङ्गमा २१ जनालाई प्रदान गरिएको ।
- दुनाटपरि बनाउने तालिम वडा न ४ र ७ मा गरि २० जनालाई प्रदान गरिएको ।
- नया उधमी सृजना तर्फ वडा न ७ र ८ लस्ति र फर्से मा ७ दिने झुला झुमर तालिम १७ जनालाइ दिइएको ।
- ०८०/०८१ सालमा भएको तालिमको जम्मा लक्षित सहभागी ६४ जना रहेको ।

**फ) <u>प्राविधिक शाखा</u>**

**<u>भवन निर्माण तर्फः</u>**

- गाउँपालिकाको आफ्नै प्रशासनिक भवन मार्फत जनतालाई सहज रुपमा सेवा प्रदान गर्ने उदेश्य सहित जलजला गा.पा. वडा न. ४ लामाखेतमा कार्यालयको प्रशासकीय भवन( योजनाको नाम बिबिध कारणले गर्दा कर्मचारी आवास र स्टोर निर्माण राखियको ) निर्माणका लागि ठेक्का प्रक्रिया मार्फत श्री साहाना- सक्षम जे.भी. बेनीको बोलपत्र दाता संग मिति २०८०/०८/१९ गते सम्झौता भई हाल निर्माणधिन अवस्थामा रहेको छ र हाल सम्म Steel Structure मार्फत निर्माण गरियको भवनको २ तला ढलान सम्पन्न भयको छ र Partation Work र Finishing Work चालु अवस्थामा रहेको छ भने समग्रमा भौतिक प्रगति करिब ७५% रहेको छ ।

- जलजला गाउपालिका वडा न, ०७ मा अवस्थित गण्डकी गोपाल गौशालाको पुर्बाधार निर्माणका लागि ठेक्का प्रक्रिया मार्फत श्री सिम्रन इन्फ्रास्टकचर एण्ड सप्लायर्स प्रा.लि. भक्तपुरको को बोलपत्र दाता संग मिति २०८०/०८/१२ गते भ्याट र पि.एस सहित रु. १२५८५२३२.७६/- मा सम्झौता भई हाल निर्माण कार्य सम्पन्न भयको छ ।

- एक पालिका एक आधारभूत अस्पताल अन्तरगत जलजला गाउपालिका वडा न. ०३ मा १० बेडको आधारभूत अस्पताल निर्माणधिन अवस्थामा रहेको, हालसम्म BLOCK-C र BLOCK-B को निर्माण कार्य सम्पन्न भई हाल BLOCK-A(RAMP) निर्माणाधिन अवस्थामा रहेको र हालसम्मको भौतिक प्रगति करिब ६५% रहेको छ।

**सडक निर्माण तथा मर्मत तर्फः**

- बर्षात को कारणले अवरुद्ध सम्पूर्ण सडकको पहिरो हटाई पूर्ण रुपले यातायात आवतजावत कार्य सहज गरियको ।
- चाडपर्व को समयलाई मध्यनजर गरि गाउपालिका भित्रका सम्पूर्ण मुख्य मुख्य सडक हरुको मेसिन प्रयोग गरि खाल्डा खुल्डी पुरी सडक मर्मत कार्य जारि रहेको ।
- डमुवाखोला-खनियाघाट-नाग्लिबांग-लुप्रांग सडकको स्तर उन्नतिका लागि करीब रु २००००००/- बराबर को लागत अनुमान तयार गरि ठेक्का प्रक्रिया मार्फत सारभूतरुपमा प्रभाब ग्राही भई श्री साहाना- सक्षम जे.भी. बेनीको बोलपत्र दाता संग मिति २०८०/०८/१९ गते भ्याट र पि.यस सहित रु. १३६०५२१८.१७/- मा सम्झौता भई निर्माण कार्य सम्पन्न भयको छ, जस अन्तरगत साघुरो सडक र घुम्ती हरु फराकिलो बनाईएको छ, करिब ६६५ मिटर सडक आ.सी.सी. ढलान गरियको छ, सडकको दायाँ-बायाँ १०४ घनमिटर Plum Wall र ७० थान ग्याबिन जाली लगाईएको छ।
- सडक बोर्ड नेपाल र जलजला गा.पा को लागत साझेदारीमा मिलनचोक सालिजा हम्पाल सडकको पूर्वाधार निर्माण का लागि करिब रु. २२०००००/- (सडक बोर्ड मार्फत १८०००००/- र गा.पा. मार्फत ४०००००/-) को ला.ई तयार गरि ई-बिड मार्फत ठेक्का आह्वान गरि ठेक्का सम्झौता भइ हाल निर्माण कार्य समेत सम्पन्न भयको छ, जस अन्तरगत करिब ७२ मिटर सडक आ.सी.सी. ढलान गरियको छ, नाली निर्माण गरियको छ, ६९ थान ग्याबिन जाली भर्ने कार्य गरियको छ ।

**झोलुंगे पुल तर्फः**

- जलजला गा.पा.वडा न. ०७ अन्तरगत पर्ने बास्कोट खोलामा ५० मिटर लामो SSTB-D Type को झोलुंगे निर्माणको कार्य सम्पन्न भयको छ ।

**अन्य**

- जलजला गा.पा. अन्तरगत रहेको स्वास्थ शाखाको लागि आवश्यक पर्ने औषधि खरिदका रु. ११४४८३४/- ल.ई. स्वीकृत गरि ई-बिड मार्फत ठेक्का आह्वान गरि सारभूतरुपमा प्रभाब ग्राही भई श्री राम लक्ष्मण फार्मेसी ईटहरी-०५, सुनसरीको वोलपत्रको कवोल रकम रु.५२२५६७.४८/-

(अक्षरुपि पाच लाख बाईस हजार पाच सय सरसठी रुपैया अठचालिस पेसा मात्र) मा ठेक्का सम्झौता भई खरिद कार्य भयको ।

**आ.ब. २०८०/८१ मा पुर्बाधार निर्माणमा भयको एकमुस्ठ भौतिक प्रगति विवरण**

| सी.न. | कामको विवरण (Specification of Work) | ईकाई (Unit) | परिमाण(Quantity) | कैफियत( Remarks) |
|---|---|---|---|---|
| १. | मोटरबाटो ढलान कार्य( आ.सी.सी/पि.सी.सी.) | मिटर | १२४८ | |
| २. | गोरेटोबाटो निर्माण कार्य(p.c.c/ Dry Stone) | मिटर | ३७६० | |
| ३. | मोटरबाटो सोलिंग कार्य | मिटर | ६८० | |
| ४. | सामुदायिक(आमासमुह,क्लब,सत्तल,कुटी) भवन निर्माण/मर्मत कार्य | गोटा | १४ | |
| ५. | स्वास्थ्य चौकी भवन निर्माण | गोटा | २ | |
| ६. | सडक नाली निर्माण कार्य | मिटर | ३४५ | |
| ७. | सिचाई कुलो निर्माण | मिटर | २७० | |
| ८. | बिध्यालय भवन निर्माण कार्य | गोटा | १ | |
| ९. | तारजाली लगाई घेरावार गर्ने कार्य | मिटर | ४५५ | |
| १०. | पहिरो नियन्त्रण तथा रोकथामका लागी ग्याबिन जाली लगाउने काम | गोटा | ७०० | |
| ११. | सडक स्तरउन्नति लगायत विविध प्रयोजनका लागि पक्कि पर्खाल निर्माण कार्य | घन मिटर | ६९० | |
| १२. | प्याराफिट निर्माण कार्य | मिटर | १६३ | |
| १३. | विभिन्न साईजको खानेपानी पाईप खरिद | मिटर | २८०० | |
| १४. | विभिन्न साईजको सिचाई पाईप खरिद | मिटर | ३६ | |
| १५. | नयाँ सडक (Track Openning) निर्माण कार्य | मिटर | ११०० | |

**वडा गत विवरण**

जलजला गा.पा. वडा न ०१ बासखर्क

- ४१६ मिटर गोरेटोबाटो निर्माण
- २ वटा सामुदायिक भवन मर्मत
- २ वटा सार्बजनिक शौचालय निर्माण
- ७५ मिटर मोटरबाटो ढलान
- १०३ मिटर मोटरबाटो सोलिंग
- १०० मिटर सिचाई कुलो निर्माण
- १६ थान ग्याबिन जाली भर्ने कार्य सम्पन्न भयको

- माग बमोजिम वडाको फरक फरक ठाउमा गरि ६० थान जाली उपलब्ध गराईयको
- खानेपानी प्रयोजनका लागि करिब २०० मिटर HDPE पाईप उपलब्ध गराईयको

जलजला गा.पा. वडा न ०२ मल्लाज

- ५४० मिटर गोरेटोबाटो निर्माण
- १०३ मिटर सडक नाली निर्माण
- सार्बजनिक चौतारा मर्मत कार्य
- खानेपानी प्रयोजनका लागि करिब १००० मिटर HDPE पाईप उपलब्ध गराईयको
- ३७ मिटर सिचाई कुलो निर्माण
- जलजला गा.पा. वडा न. ०२ को मुलघडेरी लगायत अन्य बिबिध ठाउमा गरि करिब २०० थान ग्याबिन जाली भर्ने कार्य सम्पन्न भयको

जलजला गा.पा. वडा न ०३ मल्लाज

- ३६६ मिटर गोरेटोबाटो निर्माण
- १३८ मिटर मोटरबाटो आ.सी.सी. ढलान
- १ वटा सामुदायिक भवन निर्माण
- १५० मिटर सडक नाली निर्माण
- १ वटा सडक कल्भट निर्माण
- २५ मिटर खेलमैदान तारबार
- खानेपानी प्रयोजनका लागि करिब १००० मिटर HDPE पाईप उपलब्ध गराईयको

जलजला गा.पा. वडा न ०४ फट्केढुंगा

| | | |
|---|---|---|
| गोरेटो बाटो तथा सिढीं निर्माण | २७५.८ | मि. |
| मोटर बाटो सोलीङ्ग कार्य | ६० | मि. |
| आमा समुह भवन निर्माण | ३ | गोटा |
| इन्टेक निर्माण | १ | गोटा |
| पक्की कुलो निर्माण | ९९.९ | मि. |
| आमा समुह तथा क्लव भवन मर्मत | १ | गोटा |
| मन्दिर तथा सत्तल मर्मत | २ | गोटा |
| स्कुल छाना मर्मत | १ | गोटा |
| खेलकुद ग्राउण्ड निर्माण तथा मर्मत | १ | गोटा |

| | | |
|---|---|---|
| पहिरो नियन्त्रण को लागी वाल लगाउने कार्य | ३०.१ | मी. |
| स्कुल तथा क्लव ग्राउण्ड मा तार जाली लगाउने कार्य | ९५.३ | मी. |
| पच्चिस मी.मी को पाइप खरिद | १६० | मी. |
| चालिस मी.मी को पाइप खरिद | १२५ | मी. |

जलजला गा.पा. वडा न ०५ लेखफाट

- १ वटा खेलकुद मैदान स्टेज निर्माण
- १ वटा आमासमुह भवन निर्माण
- १४६ मिटर मोटरबाटो सोलिंग
- १ वटा बिध्यालय भवन निर्माण
- १ वटा खानेपानी मुहान मर्मत
- ३२० मिटर खानेपानी पाईप खरिद
- ५० मिटर जाली घेरबार

जलजला गा.पा. वडा न ०६ सालिजा

- १९४ मिटर मोटरबाटो सोलिंग
- १३४ मिटर जाली घेरावार
- ३५० मिटर गोरेटोबाटो निर्माण
- १ वटा सामुदायिक भवन मर्मत कार्य
- १ वटा मन्दिर निर्माण कार्य
- २६ थान ग्याबिन जाली भर्ने कार्य सम्पन्न भयको
- १ स्वास्थ्य चौकी भवन निर्माण

जलजला गा.पा. वडा न ०७ धाईरिंग

- ५६० मिटर गोरेटोबाटो
- १ वटा मन्दिर ( बराईनी) मन्दिर निर्माण
- १ स्वास्थ्य चौकी भवन निर्माण
- १ वटा खेलमैदान ( गौशाला) निर्माण
- २५ मिटर सिचाई कुलो निर्माण
- २०० थान ग्याबिन जाली भर्ने कार्य सम्पन्न भएको
- १ वटा सामुदायिक भवन मर्मत कार्य सम्पन्न भएको

जलजला गा.पा. वडा न ०८ नाग्लीबांग

- करिब ५०० मिटर मोटरबाटो आ.सी.सी ढलान ( ठेक्का मार्फत )
- २९८ मिटर मोटरबाटो पि.सी.सी ढलान ( वडागत बजेट मार्फत)
- १ वटा सामुदायिक भवन मर्मत
- ३५४ मिटर गोरेटोबाटो निर्माण
- २६ थान ग्याबिन जाली भर्ने कार्य सम्पन्न भयको
- १२६ मिटर मोटरबाटो सोलिंग
- १ वटा मन्दिर मर्मत कार्य
- ११५ मिटर तरबार
- ९२ मिटर नाली निर्माण
- सिचाई प्रयोजनको लागि ३६ मिटर पाईप उपलब्ध गर्राईएको

जलजला गा.पा. वडा न ०९ बनौ

- ६८० मिटर गोरेटोबाटो निर्माण
- ७५ मिटर प्यारापिट निर्माण
- १ वटा खानेपानी ईन्टेक निर्माण

**न) लेखा शाखा**

- जम्मा बजेट ः रु. ४९ करोड, ८५ लाख, ४६हजार, ५ सय ४५ रुपौंया ३६ पैसा ।
- संघीय अनुदान अन्तर्गत रु. ३४ करोड ३४ लाख अनुमान गरिएकोमा बास्तविक आय रु. ३१ करोड् ७७ लाख ७२ हजार ५ सय २३ रुपौया अर्थात ९२.५३%
- प्रदेश अनुदान अन्तर्गत रु. २ करोड १८ लाख ९४ हजार अनुमान गरिएकोमा हालसम्मको वास्तविक आय रु. १ करोड ६४ लाख ९५ हजार ५०० रुपौंया अर्थात ७५.३४%
- राजस्व बाँडफाड अन्तर्गत रु. ८ करोड ४५ लाख ८४ हजार ९ सय अनुमान गरिएकोमा हालसम्मको बास्तविक आय रु. ७ करोड ४६ लाख १९ हजार ७ सय ८४ रुपौंया अर्थात ८८.२२%
- आन्तरिक श्रोत अल्यासमेतअन्तर्गत रु. ४ करोड ८६ लाख ५५ हजार ६ सय ४५ अनुमान गरिएकोमा हालसम्मको बास्तविक आय रु. ४ करोड ३ लाख १६ हजार १ सय ९९ रुपौंया अर्थात ८२.८६%
- जम्मा अनुमानित आम्दानी रु. ४९ करोड ८५ लाख ४६ हजार ५ सय ४५ मा वास्तविक आय रु. ४४ करोड ९२ लाख ४ हजार ००७ रुपौया ६८ पैसा अर्थात ९०.१%

**त्यसैगरी खर्च तर्फ**

- चालु खर्च अनुमान रु. ३६ करोड ६१ लाख ६६ हजार ५ सय ४५ पैसा रहेकोमा बास्तविक खर्च ३३ करोड २२ लाख ९२ हजार ६ सय ९६ रुपौंया अर्थात ९०.७५ %

- पुँजीगत खर्च अनुमान रु. १३ करोड २३ लाख ८० हजार रहेकोमा बास्तविक खर्च ११ करोड २४ लाख ९५ हजार ६ सय ७३ रूपैयां अर्थात ८४.९८ %
- औसत खर्च जम्मा ४४ करोड ४७ लाख ८८ हजार ३ सय ६९ अर्थात ८९.२१%

**प) योजना शाखा :**

| क्र.स. | वडा नं. | जम्मा योजना | सम्झौता | सम्पन्न | कैफियत |
|---|---|---|---|---|---|
| १ | १ | २० | २० | २० | |
| २ | २ | १५ | १५ | १५ | |
| ३ | ३ | १३ | १३ | १३ | |
| ४ | ४ | ३० | ३० | २९ | |
| ५ | ५ | १२ | १२ | १२ | |
| ६ | ६ | १२ | १२ | १२ | |
| ७ | ७ | १६ | १६ | १६ | |
| ८ | ८ | १५ | १५ | १५ | |
| ९ | ९ | ८ | ८ | ८ | |
| | जम्मा | १४१ | १४१ | १४० | |

**आ.व. ०८०/८१ मा अध्यक्ष उपाध्यक्षको तोक आदेशमा भएका योजनाको विवरण**

| क्र.स. | वडा नंर | जम्मा योजना | समझौता | सम्पन्न | कैफियत |
|---|---|---|---|---|---|
| १ | जलजला गा.पा. | १६ | १६ | १६ | |